बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर

प.सं.-२०८०/८१ २०७३ कोशी प्रदेश, नेपाल

च.नं. (नगर प्रमुखको सचिवालय)


बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर कोशी प्रदेश, नेपाल २०७३

मितिः २०८१/०१/१०

ने.सं. -११४४ चौलाथ्व चतुर्दशी

## "नगर गान" रचना गरी पठाउने सम्बन्धी सार्वजनिक सूचना ।

बेलका नगरपालिकाको मिति २०८०/०९/०१ गते बसेको नगर कार्यपालिकाको नवौं बैठकको निर्णय अनुसार नगर गान रचना सम्बन्धी मापदण्ड निर्माण तथा छनौट गर्न गठित समितिको मिति २०८०/१२/१६ गते बसेको बैठकले तपशील बमोजिमका शर्त सहित सूचना आह्वान गर्ने निर्णय गरेको हुँदा निम्न बमोजिमको सीमाभित्र रही बेलका नगरपालिकाको नगर गान रचना गरी यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र बेलका नगरपालिकाको कार्यालयमा पठाउन हुन इच्छुक सर्जकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

तपशीलः

१. नगर गानमा बेलका नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक विविधता, सांस्कृतिक आदि महत्वपूर्ण विषयहरू झल्कने किसिमको नगर गान रचना गरी नगरपालिकाको कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

२. नगर गान १२ हरफमा नबढाई रचिएको हुनु पर्दछ ।

३. नगर गानको मानक नेपाली भाषामा र सहज ढङ्गले बोध गर्न सकिने किसिमको हुनु पर्नेछ ।

४. रचनाकारको नाम र ठेगानाको सट्टामा गोपिनीयताको लागि सङ्केत चिह्न मात्र प्रयोग गरी खामबन्दी सहित पेश गर्नु पर्नेछ । सङ्केत चिह्नको एक प्रति रचनाकारले समेत आफूसँग राख्नु पर्नेछ ।

५. नगरपालिकामा प्राप्त हुने रचनालाई गोप्य राखिनेछ ।

६. बेलका नगरपालिकाले गठन गरेको छनौट समितिले निर्णय गरे बमोजिम उत्कृष्ट रचनालाई छनौट गरी नगरपालिकाबाट सम्मानित गरिनेछ ।

७. छनौट समितिले छनौट गरेको नगर गानलाई नगर कार्यपालिकाले अनुमोदन गरेपश्चात नगर सभाले स्वीकृत गरी बेलका नगरपालिकाको नगर गानको रुपमा कायम गरिनेछ ।

२०८१/१/१०

............................

अशोक कार्की

नगर प्रमुख

अशोक कार्की
नगर प्रमुख